# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१

## मरिण गाउँपालिकाद्धारा जनहितमा जारी अत्यन्त जरुरी सूचना

*पुनः सूचना प्रकाशित मिति: २०८०/०७/२४*

शान्त, सुव्यवस्थित, मर्यादित एवं समुन्नत समाज निर्माण मरिण सरकारको लक्ष्य तथा अभिभारा हो । हामी नागरिक स्वयम् आत्मानुशासित हुँदै हाम्रा परिवार र सामाजिक व्यवहारलाई कानूनी तवरले एवं सामाजिक परिवेश अनुकुल बनाउन सर्वप्रथमतः हाम्रो सोच, संस्कार र कार्यशैलीमा सकरात्मक भाव पैदा भई एकरुपता हुनु अत्यन्त जरुरी हुन्छ । कतिपय अवस्थामा हाम्रा क्रियाकलापहरु कानूनद्धारा बर्जित एवं दण्डनीय हुन्छन् । जसको भागेदार हामी स्वयम् आफैं हो । कानूनद्धारा बर्जित यस्ता दण्डनीय एवं सामाजिक रुपमा अवाञ्छित क्रियाकलापहरुलाई निरुत्साहित गर्दै सभ्य, सुसंस्कृत समाज निर्माण गर्नु हामी नागरिकहरुको सामूहिक उत्तरदायित्व हो । तसर्थ, नजिक आउँदै गरेको तिहार तथा छठ लगायतका महत्वपूर्ण चाडपर्वहरुलाई विशेष ध्यान दिंदै आगामी दिनमा समेत सामाजिक मर्यादा एवं सद्भाव कायम गर्दै सभ्य समाजको उदाहरणीय नागरिकको परिचय बनाई देहाय बमोजिम गर्न, गराउन हुन आम मरिणबासी नागरिकहरुमा हार्दिक अपिल गरिन्छ ।

<u>देहाय</u>

१. तिहार तथा छठ लगायतका महत्वपूर्ण चाडपर्वहरुमा खर्च गर्न सक्ने आफ्नो आर्थिक क्षमता अनुसार मितव्ययी ढंगबाट खर्च गरी खुशियालीपूर्वक चाडपर्व मनाउने।

२. चाडपर्वको समयमा हाम्रो समुदायमा यदाकदा भड्किलो लवाई-खवाई, मदिराजन्य पदार्थ विशेष गरी जाँड, रक्सीको अत्यधिक प्रयोग, मनोरञ्जनको नाममा जुवा-तास लगायतका कानूनले बर्जित गरेको खेल-खेल्ने खेलाउने, पटका, भुइँचम्पा, आतसबाजी जस्ता विष्फोटक तथा प्रज्वलनशील पदार्थको प्रयोग, ओसार-पसार एवं बिक्री वितरण लगायतका कानूनतः बर्जित गैरकानुनी क्रियाकलाप गत विगतमा हुने गरेको पाईएको र उक्त क्रियाकलापहरुबाट आर्थिक तथा मानवीय क्षति एवं सामाजिक-साँस्कृतिक रुपमा विचलन आउनुका साथै वैमनस्यताका कारण सामाजिक सद्भाव समेत बिथोलिन पुग्ने देखिएकोले स्वयम् व्यक्ति आफू गम्भीर रुपमा सचेत हुँदै यस्ता क्रियाकलापहरु नगर्ने, नगराउने ।

३. उद्योगी, व्यवसायी तथा व्यापारीहरुले चाडबाडको समयमा बजारमा कृत्रिम अभाव सिर्जना, कालोबजारी, अस्वभाविक मूल्य वृद्धि जस्ता कानूनद्धारा वर्जित क्रियाकलाप नगर्ने, नगराउने ।

४. चिठ्ठा र अनलाईन सपिङका नाममा हुने अवैध कारोबार तथा विद्युतीय माध्यमबाट हुने ठगी जस्ता क्रियाकलापबाट सचेत भइ त्यस्ता क्रियाकलापमा सहभागी नहुने एवं सञ्चालन नगर्ने, नगराउने ।

५. चोरी, तस्करी, प्राकृतिक श्रोत साधनको अवैध दोहन जस्ता कार्यहरू नगर्ने, नगराउने, गर्न नदिने ।

६. देउसी, भैलो, नाचगान जस्ता मनोरञ्जनात्मक क्रियाकलापहरु गर्दा गराउँदा बेलुका १०:०० बजे सम्म मात्र संचालन गर्ने, गराउने ।

७. चाडपर्वको समयमा एवं अन्य नियमित समयमा घर तथा सार्वजनिक स्थलबाट निष्कासन हुने फोहोरहरूलाई जथाभावी नफाली सड्ने, नसड्ने फोहोरहरुलाई बेग्ला-बेग्लै रूपमा छुट्याई एकत्रीत गरेर राखी गाउँपालिकालाई सहज व्यवस्थापनका लागि सहजीकरण गर्ने गराउने ।

८. यात्रु वाहक बस, बाइक, अटो लगायतका सवारी साधनमा क्षमता भन्दा बढी यात्रु नबोक्ने, सिट बेल्ट र हेलमेटको अनिवार्य प्रयोग गरी विशेष सुरक्षा सतर्कता अपनाउनुका साथै द्रुत गतिमा सवारी साधन नचलाउने ।

९. गाउँपालिका क्षेत्र भित्रको मदन भण्डारी राजमार्ग लगायतका विभिन्न ग्रामीण सडकको मुख्य भाग वरपर तथा सडक पेटीहरुमा जमघट, अनावश्यक भिडभाड, मानवीय अवाञ्छित क्रियाकलाप, सडक पेटीमा व्यापार-व्यवसाय गर्ने, ढुङ्गा, गिट्टी, बालुवा असुरक्षित तवरले बोक्ने, धान, पराल लगायतका कृषि उपज एवं कृषि उपजजन्य पदार्थ सुकाउने, झार्ने, थुपार्ने जस्ता सडक अवरोध हुने गैर कानूनी प्रकृतिका कामकारबाही नगर्ने, नगराउने ।

१०. सार्वजनिक सम्पत्तिको प्रयोग एवं संरक्षण तथा सुरक्षामा विशेष ध्यान दिने ।

११. सार्वजनिक यातायात बस, टेम्पो, अटो लगायतका सवारी बढी भाडा असुल नगर्ने, नगराउने ।

१२. सडकको भारवहन क्षमता भन्दा बढीका सवारी साधन नचलाउने ।

१३. मौसमको अवस्था आँकलन गरी सम्भावित विपद्जन्य घटनाहरुबाट सचेत भई आफ्ना नियमित क्रियाकलापहरु संचालन गर्ने, गराउने।

१४. शान्ति, सुरक्षा एवं सुरक्षा सतर्कता तथा विपद्जन्य घटना लगायतका सम्बन्धित विषयमा तत्काल सूचना संप्रेषण गरी सहयोग लिन नजिकैको प्रहरी कार्यालय अर्थात् ईलाका प्रहरी कार्यालय कपिलाकोटको सम्पर्क नं. ९८५४०९१९९९ र मरिण गाउँपालिकाको नगर प्रहरी ईकाइको सम्पर्क नं. ९८४९६४२२७७ मा सम्पर्क गर्ने ।

१५. चाडबाडको समयमा असन्तुलित खानपान लगायतका विविध कारणहरुले सिर्जना हुन सक्ने प्रतिकूल स्वास्थ्य अवस्था प्रति सचेत हुँदै स्वास्थ्यमा समस्या आएमा मरिण गाउँपालिका अन्तर्गतका नजिकैको स्वास्थ्य संस्थाहरुमा सम्पर्क गर्ने एवं एम्बुलेन्स आवश्यक परेको खण्डमा प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटको सम्पर्क नं. ९८१७८०६७२८, रेडक्रस कल्पवृक्षको सम्पर्क नं. ९८४८९४७६८८ र महादेवस्थान स्वास्थ्य चौकीको सम्पर्क नं. ९८१७८४३१२८ मा सम्पर्क गर्ने ।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः यो सूचनाको अवज्ञा गरी कानून विपरीतका कार्यहरू गरे गराएको पाईएमा प्रचलित कानून अनुसार ... कारवाही हुने व्यहोरा अनुरोध छ ।*